मितिः २८ जेठ २०८३

माननीय अध्यक्षज्यू,
माननीय सदस्यज्यूहरु,
श्रीमान सचिवज्यू,
राष्ट्रिय मानवअधिकार आयोग,
हरिहरभवन, ललितपुर ।

**विषयः व्यापक र प्रणालीगत रूपमा गहिरिँदै तथा फैलिँदै गएको जबरजस्ती उठिवास (Forced Eviction) समस्याका अन्तरनिहित कारण, ढाँचा (pattern), प्रवृत्ति (trend) तथा मानवअधिकारमा परेको प्रतिकूल प्रभावको राष्ट्रिय जाँचबुझ (National Inquiry) गरी उल्लङ्घनका जिम्मेवारलाई जवाफदेही बनाउने, पीडितलाई परिपूरण दिलाउने तथा पुनः यस्ता गम्भीर मानवअधिकार उल्लङ्घन नदोहोरिने सुनिश्चितताका लागि हस्तक्षेपकारी भूमिका निर्वाह गर्न ध्यानाकर्षण ।**

महोदय,

१. संविधान तथा संविधानअन्तर्गत बनेका कानुनहरू (भूमि ऐनको आठौं संशोधन, आवासको हक सम्बन्धी ऐन आदि)ले भूमिहीन सुकुम्बासी एवं अव्यवस्थित बसोबासीको परिभाषा गरी त्यसभित्र पर्ने परिवारहरूलाई भूमि तथा आवासबाट जबरजस्ती विस्थापनविरुद्ध कानुनी संरक्षण प्रदान गरेको कुरा राष्ट्रिय मानवअधिकार आयोगलाई विदित नै छ। उचित प्रक्रिया अपनाई उनीहरूको पहिचान तथा प्रमाणीकरण गर्ने, बसोबास भएकै स्थानमा जग्गाको स्वामित्व दिन सकिने अवस्था रहेमा सोहीअनुसार स्वामित्व प्रदान गर्ने तथा त्यसो गर्न नसकिने अवस्थामा उपयुक्त स्थानमा पुनर्वासको व्यवस्था गरी सम्मानजनक व्यवस्थापन गर्ने राज्यको दायित्व हुने कानुनी व्यवस्था विद्यमान छ। नेपाल आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICESCR) को पक्षराष्ट्र भएको तथा नेपाल सन्धि ऐनअनुसार त्यस्ता सन्धि तथा सम्झौताअन्तर्गत सुनिश्चित आवासको हकसम्बन्धी प्रावधानहरू नेपाल कानुनसरह लागू हुने अवस्था पनि सर्वविदितै छ।

२. यति हुँदाहुँदै पनि उचित पहिचान, प्रमाणीकरण, वर्गीकरण तथा पुनर्वास एवं पुनर्स्थापनाको विकल्पबिना नै बल प्रयोग गरी बसोबास गरिरहेको स्थानबाट उठिवास गराउने, आवासविहीन बनाउने, जीविकोपार्जनको आधारबाट विमुख पार्ने तथा विपन्न र सीमान्तकृत नागरिकलाई खाद्य असुरक्षासहित विभिन्न आर्थिक तथा सामाजिक असुरक्षातर्फ धकेल्ने प्रवृत्तिले तीव्रता पाइरहेको छ। यसले विशेषगरी गर्भवती तथा सुत्केरी महिला, विद्यालय जाने बालबालिका, नवजात शिशु, बिरामी, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिक जस्ता विशेष संरक्षण आवश्यक पर्ने समूहहरूलाई बढी प्रताडित गरेको देखिन्छ।

३. उचित प्रक्रिया र पुनर्वासको विकल्पबिना सुरक्षाकर्मीहरूको व्यापक परिचालन गरी डोजरलाई हतियारका रूपमा प्रयोग गर्दै काठमाडौँ उपत्यकाका मात्रै १९ वटा बस्तीमाथि विध्वंस मच्चाई गरिएको जबरजस्ती उठिवासको घटना हालसम्मकै गम्भीर पछिल्लो उदाहरण हो। सर्वोच्च अदालतबाट अन्तरिम आदेश जारी

भएपछि यस्ता कार्यहरू धेरै हदसम्म रोकिए पनि उक्त आदेशको उल्लङ्घन गर्दै कोहलपुरलगायत विभिन्न क्षेत्रमा रहेका सुकुम्बासी तथा अव्यवस्थित बसोबासी बस्तीहरूमा डोजर प्रयोग गरी उठिवास गराउने कार्य जारी रहेको छ।

४. जबरजस्ती विस्थापनका पीडित, अन्यत्र आश्रय लिने कुनै विकल्प नभएका सयौँ परिवारहरूलाई काठमाडौँका विभिन्न स्थानमा होल्डिङ सेन्टरमा राखिएको तथा त्यहाँ मानवीय व्यवहार, औषधोपचार, सरसफाइ र हेरचाहको अभावमा कष्टकर जीवन बिताउन बाध्य बनाइएको सम्बन्धमा विभिन्न सूचनाहरू सार्वजनिक भएका छन्। उठिवासको घटना सहन गर्न नसकेर आत्महत्याको बाटो रोजेको, उपचार तथा हेरचाहमा भएको लापरवाहीका करण मृत्यु भएको लगायतका एकपछि अर्को गम्भीर घटनाहरू पनि सार्वजनिक भएका छन्। विस्थापितहरूको उचित विकल्पसहितको पुनर्वास कहिले हुने हो भन्ने विषय अझै अनिश्चित छ र सम्बन्धित राज्य निकायहरूमा अकर्मण्यताको अवस्थाको निरन्तरता देखिएको छ। अभिभावकीय संरक्षण प्रदान गर्नुपर्ने नागरिकहरूलाई नै "अतिक्रमणकारी" र "हुकुमबासी" जस्ता अनुचित आरोप लगाई सामूहिक रूपमा दण्डित गर्ने कार्य राज्यबाट भइरहेको छ।

५. कुनै वैकल्पिक व्यवस्था नगरी मानव बस्तीबाट हटाउने, डोजर प्रयोग गरी आवास नष्ट गर्ने तथा परिवारहरूलाई विचल्लीमा पार्ने कार्यलाई सामान्य कानुन कार्यान्वयनको परिणामका रूपमा लिन सकिँदैन। सर्वसाधारण नागरिक माथिको यस्तो ज्यादती शान्तिको समयमा मात्रै होइन सशस्त्र द्वन्द्व तथा यूद्धमा समेत वर्जित हुन्छ । यो गभ्भीर मानवअधिकार उल्लङ्घन मात्र नभई राष्ट्रिय कानुनअन्तर्गत दण्डनीय आपराधिक कार्यसमेत हो। जीविकोपार्जनको आधारबाट विमुख पार्ने गरी उठिवास गराउने कार्यलाई खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५ को दफा ४० अन्तर्गत कसुरका रूपमा घोषणा गरिएको छ भने त्यस्तो कसुरका जिम्मेवारलाई दफा ४२ अनुसार पाँच वर्षसम्म कैद र पाँच लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको छ।

६. उठिवासका खासखास घटनाहरूलाई लक्षित गरी राष्ट्रिय मानवअधिकार आयोगले अनुगमन गर्दै आएको कार्यप्रति हामी आभार व्यक्त गर्दछौँ। तथापि, घटना-केन्द्रित अनुगमनभन्दा माथि उठी व्यापक र प्रणालीगत रूपमा गम्भीर बन्दै गएको उठिवाससम्बन्धी मानवअधिकार उल्लङ्घनका अन्तरनिहित कारण, ढाँचा (Pattern), प्रवृत्ति (Trend) तथा समग्र मानवअधिकार प्रभावको राष्ट्रिय जाँचबुझ गरी उल्लङ्घनका जिम्मेवार पदाधिकारी तथा निकायहरूलाई जवाफदेही बनाउने, पीडितहरूलाई पर्याप्त परिपूरण उपलब्ध गराउने तथा भविष्यमा पुनः यस्ता गम्भीर मानवअधिकार उल्लङ्घन नदोहोरिने सुनिश्चितगर्ने दिशामा आयोगको हस्तक्षेपकारी भूमिका अपरिहार्य भइसकेको हाम्रो ठहर छ।

७. अतः नेपालको संविधानको धारा २४९, राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०६८, राष्ट्रिय मानवअधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ तथा मानवअधिकार उल्लङ्घनसम्बन्धी राष्ट्रिय जाँच (नेसनल इन्क्वायरी) निर्देशिका, २०७३ बमोजिम उठिवासको गम्भीर सवालमा राष्ट्रिय जाँचबुझ (National Inquiry) सञ्चालन गरी देशभर लाखौँको संख्यामा उठिवासको त्रास र लालपुर्जाको आशामा रहेका भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी नागरिकहरूको मानवअधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन सुनिश्चित गर्न तथा मुलुकमा दिगो शान्ति, समावेशी र

समतामूलक समृद्धिको आधार निर्माण गर्ने राज्यलाई जवाफदेही बनाउने प्रभावकारी भूमिका खेल्न आयोगसमक्ष जोडदार माग गर्दछौँ।

यस सन्दर्भमा आयोगले अगाडि बढाउने प्रभावकारी राष्ट्रिय जाँचबुझको प्रयासमा हाम्रो पूर्ण साथ, सहयोग र समर्थन रहने व्यहोरा समेत अवगत गराउन चाहन्छौँ।

अनुरोधकर्ता संस्था तथा मानवअधिकार रक्षकहरूः

| | |
|---|---|
| राजुप्रसाद चापागाईं | संयोजक, जबाफदेहिता निगरानी समिति |
| चरण प्रसाईं | बरिष्ठ मानवअधिकारवादी तथा पूर्व संयोजक, जवाफदेहिता निगरानी समिति |
| विकास बस्नेत | एड्भोकेसी फोरम नेपाल |
| निराजन थपलिया | एम्नेस्टी इन्टरनेसनल नेपाल |
| जगत देउजा | सामुदायिक आत्मनिर्भर - सेवा केन्द्र (सियसआरसी) |
| नरेश सोब | महिलावादी दलित संगठन (फेडो) |
| कृष्ण गौतम | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) |
| तनुजा बस्नेत | न्याय तथा अधिकार संस्था - नेपाल (जुरी नेपाल) |
| अनुपा अर्याल | अधिवक्ता, एड्भोकेसी फोरम । |
| ओजस्वी केसी | ह्युमन राइट्स एन्ड जस्टिस सेन्टर (एचआरजेसी) |
| सुनिता थापा | राष्ट्रिय भूमि अधिकार मञ्च |
| भगवती अधिकारी | नेपाल महिला एकता समाज |
| राजु तामाङ | नेपाल बसोबास बस्ती संरक्षण समाज |
| सुनिता मैनाली | महिला पुनर्स्थापना केन्द्र (ओरेक) |
| अभिषेक तिवारी | जेनजी अधिकारकर्मी |
| आकांक्षा भण्डारी | जेनजी अधिकारकर्मी |
| अनुपमा पोखरेल | अधिकारकर्मी |
| अरुण सिंह नेपाली | जेनजी अधिकारकर्मी |

| | |
|---|---|
| वर्षा शाह | अधिकारकर्मी |
| बिना बुद्धाचार्य | अधिकारकर्मी |
| दिक्पाल खत्री क्षेत्री | जेनजी अभियन्ता |
| दीक्षा खड्गी | जेनजी अधिकारकर्मी |
| गोविन्द छन्त्याल | अधिकारकर्मी |
| ज्यास्मिन ओझा | जेनजी अधिवक्ता |
| कविता बाहिङ | जेनजी अधिवक्ता |
| कैलाश राई | अनुसन्धानकर्मी र अभियन्ता |
| कृतिका सापकोटा | जेनजी अभियन्ता |
| माजिद अन्सारी | जेनजी अधिवक्ता |
| मोनिसा चौधरी | जेनजी अधिवक्ता |
| ओजस्वी भट्टराई | जेनजी अधिवक्ता |
| प्रज्वल विक्रम राणा | जेनजी अधिवक्ता |
| पुष्पा न्यौपाने | अधिकारकर्मी |
| रियाब बानियाँ | जेनजी अभियन्ता |
| रूपा बस्नेत | अधिकारकर्मी |
| रोशनी रेग्मी | जेनजी अधिवक्ता |
| शंकेन राई | जेनजी अभियन्ता |
| स्मिता आचार्य | जेनजी अभियन्ता |
| सृजना पुन | जेनजी अभियन्ता |
| सुशान्त नेपाली | जेनजी अधिवक्ता |